# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यलय

काठमाडौं प्लाजा, कमलादी, काठमाडौं बागमती प्रदेश नेपाल

# सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८१।०७।०७

काठमाडौं महानगरपालिका सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धी कार्यविधी, २०७९ बमोजिम यस महानगरपालिकाको स्वास्थ्य विभाग अन्तर्गत रहेका सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुमा सेवा करारमा कामकाज गर्न जनशक्ति आवश्यक भएकोले लोकसेवा आयोगबाट सिफारिस वा अन्यत्रबाट स्थायी प्रकृतिको कर्मचारी सरुवा भई नआएसम्म यस आर्थिक वर्षको असार मसान्त सम्मको लागि तपशिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा राजश्व तिरेको सक्कल रसिदको वा QR बाट भुक्तानी गरेको Statement, शैक्षिक योग्यता र सम्वन्धित विषयको कार्य अनुभव, Scan Copy सहित वेभसाईट www.kathmandu.gov.np मा रहेको अनलाइन आवेदन प्रणाली मार्फत दरखास्त दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र.स. | विज्ञापन नं | पद | तह | सेवा/समूह/उपसमूह | माग पद संख्या | परिक्षा दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | १-२०८१/८२ | मेडिकल अधिकृत | आठौं | स्थानीय स्वास्थ्य/ ज.हे.स. | ४ | १२००/- |
| २. | २-२०८१/८२ | ल्याव टेक्निसियन | पाचौं | स्थानीय स्वास्थ्य/ मे.ल्या.टे | २९ | ७००/- |
| ३. | ३-२०८१/८२ | फिजियोथेरापी असिष्टेण्ट | पाचौं | स्थानीय स्वास्थ्य/ फिजियोथेरापी | ३२ | ७००/- |
| ४. | ४-२०८१/८२ | स्टाफ नर्स | पाचौं | स्थानीय स्वास्थ्य/ जनरल नर्सिङ | ५ | ७००/- |
| ५. | ५-२०८१/८२ | फार्मेसी सहायक | पाचौं | स्थानीय स्वास्थ्य/ फार्मेसी | १० | ७००/- |
| ६. | ६-२०८१/८२ | रेडीयोग्राफर | पाचौं | स्थानीय स्वास्थ्य/ रेडीयोग्राफी | १ | ७००/- |
| ७. | ७-२०८१/८२ | तथ्याङ्क सहायक | पाचौं | स्थानीय प्रशासन/ विविध | १ | ७००/- |
| ८. | ८-२०८१/८२ | कार्यालय सहयोगी | विहिन | प्रशासन | २६ | ४००/- |

१) परीक्षाको किसिमः- लिखित र अन्तर्वार्ता (कार्यालय सहयोगिको हकमा अन्तर्वार्ता मात्र)।

२) परीक्षा केन्द्रः- काठमाडौं महानगरपालिकाले तोके बमोजिम ।

३) लिखित परीक्षा मिति :- पछि प्रकाशन गरिने ।

४) दरखास्त दिने अन्तिम मितिः-२०८१।०७।२१ गते

५) उम्मेदवारको उमेरको हदः- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुगी ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको र का.म.पा. मा कार्यरत कर्मचारीको हकमा उमेरहद लागू हुने छैन ।

६) दरखास्त दस्तुर बुझाउने विधि र स्थानः- Online मार्फत

७) अपलोड गर्ने कागजातहरूः-

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ख) न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भएमा योग्यता खुलेको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्र।

ग) स्वास्थ्य सेवाको हकमा सम्वन्धित व्यवसायिक परिषद् दर्ता/ नविकरण प्रमाणपत्रको प्रतिलिपि ।

घ) कार्य अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपि ।

विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF/JPEG Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना, नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी PDF/JPEG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्वन्धमा उम्मेदवार स्वयम पूर्ण जवाफदेही हुनु पर्नेछ।

८) अन्तर्वार्ता मिति र स्थान:- लिखित परिक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

९) पदमा रही गर्नुपर्ने कामको विवरण:- सम्वन्धित सेवा, समूह सम्वन्धी।

१०) सेवा तथा सुविधा:- काठमाडौं महानगरपालिकाले तोके बमोजिम वमोजिम ।

११) आवश्यक न्यूनतम शैक्षिक योग्यता र सम्वन्धित व्यवसायिक परिषद्को प्रमाणपत्र :-

| क्र.स. | पद | न्यूनत्तम शैक्षिक योग्यता | व्यवसायिक परिपद् दर्ता/ नविकरण |
|---|---|---|---|
| १. | मेडिकल अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थावाट एम.वी.वी.एस. वा सो सरह उपाधि प्राप्त । | नेपाल मेडिकल परिपद् |
| २. | ल्याव टेक्निसियन | मान्यता प्राप्त शिक्षण संस्थावाट हेल्थ ल्यावमा प्रमाणपत्र तह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. उत्तीर्ण गरी ल्याव टेक्निसियनको २ वर्ष ६ महिनाको कोर्ष उत्तीर्ण एम.एल.टी. वा सो सरह उपाधि प्राप्त । | नेपाल स्वास्थ्य व्यवसायी परिपद् |
| ३. | फिजियोथेरापी असिष्टेण्ट | मान्यता प्राप्त शिक्षण संस्थावाट फिजियोथेरापीमा प्रमाणपत्र तह उत्तीर्ण । | नेपाल स्वास्थ्य व्यवसायी परिपद् |
| ४. | स्टाफ नर्स | मान्यता प्राप्त शिक्षण संस्थावाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण । | नेपाल नर्सिङ परिपद् |
| ५. | फार्मेसी सहायक | मान्यता प्राप्त शिक्षण संस्थावाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण । | नेपाल फार्मेसी परिपद् |
| ६. | रेडीयोग्राफर | मान्यता प्राप्त शिक्षण संस्थावाट रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण । | नेपाल स्वास्थ्य व्यवसायी परिपद् |
| ७. | तथ्यांक सहायक | मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्कशास्त्र वा गणित विषय सहित कुनै विषयमा स्नातक वा सो सरह उत्तीर्ण । | |
| ८. | कार्यलय सहयोगी | मान्यता प्राप्त शिक्षण संस्थावाट आठ कक्षा उत्तीर्ण । | |

१२) थप जानकारीको लागि काठमाडौं महानगरपालिकाको स्वास्थ्य विभागको सम्पर्क नं ९८०१३०६८९३ मा सम्पर्क गर्न सकिने छ।

काठमाडौं महानगरपालिका